# शरणार्थीको रुपमा संयुक्त राज्य अमेरिकामा हुनुहुन्छ भने आफ्नो अधिकार वारे थाहा पाउनुहोस

यो पत्रमा उल्लेखि सूचनाहरु तपाईलाई आफ्नो अधिकारको वारेमा जानकारी गराउने हो । यसलाई कानूनी सल्लाहको रुपमा चाहिं नलिनु होला । हाम्रो उद्देश्य यहांहरुलाई जागरुक बनाउने हो । त्रास पैदा गराउने होइन । । यदि तपाईले आफ्नो अधिकार हनन भएको ठान्नु भएको छ भने तपाईले कानूनले व्यवसायीसंग कुरा गर्नु पर्छ । यदि तपाई वा तपाईका परिवारका सदस्यहरुलाई तत्कालै कुनै अप्ठेरो परेको वा सहयोगको खाँचो परेको छ भने तुरुन्तै ९११ नम्वरमा फोन गर्नुहोला ।

## परिचय

हामी अहिले वास्तवमा नै कठिन समयमा छौ । शरणार्थीको पुनर्वास, शरणार्थी एंव आप्रवासी सम्वन्धी बिषयमा संयुक्त राज्य अमेरिकामा हालै उठाइएका कदमहरुबाट धेरैमा डर र चिन्ता पैदा भएको छ । तर हालै नाइन्थ सर्किट कोर्ट ( अदालत) ले शरणार्थीहरु, यो मुलुकमा राजनीतिक वा अन्य कारणले शरण पाएकाहरु, शरणका अभिलाषीहरु, आप्रवासीहरु, कानून बमोजिम स्थायी बसोवासको अधिकार पाएका

(ग्रीनकार्ड होल्डर ) हरु, नागरिकता लिएकाहरु तथा बिना कुनै हैशियतका ब्यक्तिहरु, सवैको अधिकारलाई पुनः पुष्टी गरेको छ । यी सवैलाई जुनसुकै ठाउँ अथवा धर्मका किन नहुन् उत्तिकै सम्मान एंव इज्जतका साथ व्यवहार गरिनु पर्दछ । यो हामी सवैको अधिकारको कुरा हो । अहिले हाम्रो समुदायले जुन प्रकारको समस्याको सामना गर्नु परिरहेको छ त्यसवारे शरणार्थीहरु तथा आप्रवासी समुदायलाई तत्काल आवश्यक सुचनाहरु बारे **आफ्नो अधिकार थाहा पाउनु होस्** भनी जागरुक बनाउनु नै हाम्रो प्रमुख उद्देश्य हो । कानून कार्यान्वयन निकायद्वारा त्रास पैदा नहोस भन्ने हामी चाहंन्छौ । कसैलाई पनि संकटपूर्ण अवस्था आइ परेमा पुलिस, चिकित्सा सेवाका कर्मचारी वा अग्नी नियन्त्रण सेवाका कार्यकर्ता जस्ता अत्यावश्यक सेवाका कर्मचारीहरु सदैव सेवामा उपलब्ध छन् भन्ने कुरा सवैले बुझ्नु जरुरी छ । संकटकालीन अवस्थामा टेलिफोन नं ९११ मा तुरुन्त सम्पर्क गर्न कहिले पनि अप्ठ्यारो नमान्नु होला ।

## आफ्नो निवासमा तपाईको अधिकार

**मेरो घरमा संघीय सरकारी मानिस सोधपुछका लागि आए भने मैले के गर्ने ?**

- संघीय अनुसन्धान ब्यूरो ( FBI) का मानिस अथवा डिपार्टमेण्ट अफ होमल्याण्ड सेक्यूरिटीका मानिस शरणार्थीहरुका घरहरुमा सोधपुछका लागि पुग्ने गरेका सूचनाहरु प्राप्त भैरहेका छन् । त्यस्ता कोही ब्यक्ति तपाईको घरमा आएमा तपाईले के गर्ने भन्ने वारे :
- **ढोका खोल्दै नखोल्नेः** विना कुनै पत्र अथवा पकाउ पुर्जी अध्यागमन कार्यान्वयन निकाय वा एफ. वी. आई. (FBI) का मानिसहरु तपाईको घरमा पस्न सक्दैनन् । यदि त्यस्तो पत्र लिएरै आएका छन् भने पत्रको मिति र हस्ताक्षर जांच्नुहोस । यदि पत्रमा न्यायाधीशको हस्ताक्षर छ र मिति पनि ठीक छ भने त्यस्तो ब्यक्तिलाई भित्र आउन दिनु पर्दछ । तपाईले केही नवोल्ने आफ्नो अधिकार प्रयोग गर्न सक्नु हुन्छ । यदि त्यस्ता ब्यक्ति पत्र वा पकाउ पुर्जी नलिई आएका छन् र तपाई वा अरु कसैले भित्र आउने अनुमति दिएको छ भने त्यस्ता ब्यक्ति भित्र आउन मात्र सक्छन् ।

- **मौन रहनेः** तपाईले बोल्नु भएका कुराहरु अदालतमा तपाई विरुद्ध प्रस्तुत गरिने सम्भावना रहन्छ । अमेरिकामा पुलिसलाई केही पनि नबताएर मौन रहने अधिकार तपाईलाई छ । तपाईले आफू कहां आएको ब्यक्तिलाई म पांचौ संशोधनलाई लिएर बोल्ने छु ( I plead the 5$^{th}$ amendment ) मात्र भन्ने । यस देखि वाहेक अरु केही पनि नवोल्ने ।

- **कानून व्यवसायीलाई बोलाउनेः** तपाईले कुनै कानून व्यवसायीसंग सर्म्पक गर्न हाम्रै वेब साइट प्रयोग गर्न सक्नु हुन्छ अथवा आफ्नो स्थानीय ACLU लाई बोलाउन सक्नुहुन्छ ।

- **कही पनि सहि नगर्नेः** कानून व्यवसायीको सल्लाह र सहमति विना कुनै पनि हस्ताक्षर नगर्नुहोला ।

- **बलियोसंग अडान लिनेः** एउटा भरपर्दो कानून व्यवसायी ( वकिल ) को व्यवस्था गर्नु होस र आप्नो पक्षमा आप्ना समुदायलाई पनि बोल्न लगाउनु होस । यदि तपाई थुनामा पर्नु भएको छ भने तपाई जमानीमा मुक्त हुन सक्नु हुनेछ । आफू सदा आशावादी रहनुहोस् ।

- अमेरिकी नागरिकता नलिइ सकेका तर कानून बमोजिम स्थायी बासिन्दा, शरणार्थीहरु, राजनीतिक वा अन्य कारणले शरण पाएकाहरु सवैलाई आम रुपमा अमेरिकी नागरिकता प्राप्त ब्यक्तिहरु सरहको अधिकार प्राप्त छ ।

## याद गर्नु होला

तपाई कहां आएका ब्यक्तिलाई कुनै पनि जवाफ नदिने अधिकार तपाईंलाई प्राप्त छ । तत्काले कुनै कानून व्यवसायी (वकिल) लाई बोलाई हाल्ने अनि आफू कहां आएको अधिकारीहरुको फोटो खिच्ने, उनीहको नाम र बिल्ला ( Badge ) नम्बर पनि टिप्नुहोस ।

## भ्रमण गर्ने तपाईको अधिकार

**के मैले आफ्नो शरणार्थीको हैसियत अथवा ग्रीन कार्ड सहित संयुक्त राज्य अमेरिका देखि बाहिर भ्रमण गर्न सक्छु ?**

हाललाई सयुक्त राज्य अमेरिकाका अदालतहरुले शरणार्थीहरुको पुनर्वास तथा प्रवेशाज्ञा (भिसा) माथि लगाइएको प्रतिवन्धलाई अस्थायी रुपमा स्थगित गरेका छन् । तथापि, प्रतिवन्धित सात राष्ट्रहरु ( इरान, इराक, सिरिया, सूडान, सोमालिया, यमन र लिबिया ) का मानिसहरुलाई यो समयमा अमेरिकाको भ्रमण नगर्ने सल्हाल दिन्छौ कम्तिमा यो समयमा अत्यन्तै जरुरी अथवा आपतकालीन अवस्था बाहेक यताको भ्रमण नगर्नु नै जाति छ । किनभने परिस्थिति कुनै पनि समय परिवर्तन हुन सक्ने स्थिति छ ।

अमेरिकी नागरिकता नभएकाहरुका हकमा पनि यो समयमा संयूक्त राज्य अमेरिकाबाट बाहिरको भ्रमणमा निस्कनु अत्यन्त जोखिमयुक्त छ ।

- यदि तपाई स्वयम् अथवा तपाईका प्रियजन अमेरिका देखि बाहिर हुनुहुन्छ र फर्किने विचारमा हुनुहुन्छ भने अमेरिका तर्फ प्रस्थान गर्नु पूर्व अमेरिकामा रहेका आफ्ना वकिललाई सम्पर्क गरी सरसल्लाह लिनु होस । अनि अमेरिकाको भ्रमणमा निक्लने ब्यक्तिले आफ्नो सवै भ्रमण सम्वन्धी कागजपत्र( जसमा पासपोर्ट, ग्रीन कार्ड वा शरणार्थी परिचय पत्र वा भ्रमण कागजपत्रहरु पर्दछन् ) साथमा राख्न विर्सनु हुंदैन ।
- प्रतिवन्धित सात राष्ट्रहरु वाहेक अन्य राष्ट्रका शरणार्थीहरुले पनि यदि तपाईसंग ग्रीनकार्ड अथवा अमेरिकी नागरिकता छैन भने यो समयमा संयूक्त राज्य अमेरिका देखि बाहिरको भ्रमणमा ननिस्कनु वेस हुन्छ ।
- संयुक्त राज्य अमेरिकाका विमान स्थल अथवा अन्य प्रवेश नाकामा रहेका अधिकारीहरुलाई तपाईका सामानहरुको नियमित खान तलासी गर्ने अथवा तपाईसंग आफ्नो नागरिकता र भ्रमण कार्यक्रमवारे कुनै पत्र विना पनि सोध्ने अधिकार हुन्छ ।
- यदि तपाईलाई विमान स्थलमा दोस्रो अन्तरवार्ता वा सोधपुछका लागि राखिएको छ भने तपाईलाई कानून व्यवसायीसंग सरसल्लाह गर्ने अधिकार हुन्छ । यस प्रयोजनका लागि कतिपय कानून व्यवसायीहरु निःशुल्क रुपमा तपाईको सेवा गर्न विमान स्थलमै तत्पर रहेका हुन्छन् ।
- यदि तपाई अथवा तपाईका कोही पनि परिचित व्यक्ति थुनामा परेको खण्डमा तपाईले airport@refugeeright.org मा सम्पर्क गरेर अथवा स्थानीय ACLU मा फोन गरेर यो फारममा उल्लेखित कुराहरु प्रयोग गर्ने वारेमा आफ्ना अनुभव बताउन सक्नु हुनेछ ।

## आफ्नो समुदायमा सुरक्षित रहने तपाईको अधिकार

### मलाई आफ्नो घरमा अथवा छिमेकमा हप्कीदप्की गरेको खण्डमा मैले के गर्न सक्छु ?

तपाईको शरणार्थी हैशियतले तपाईलाई अमेरिकामा यहांका नागरिक सरहको व्यवहार पाउने कानूनी हक प्रदान गरेको छ । तपाईलाई समुदायको सदस्यका रुपमा आवश्यक संरक्षण प्रदान गर्न स्थानीय पुलिस तपाईको सेवामा उपलब्ध छन् । यदि तपाई कुनै अपराधीबाट पीडित हुनुहुन्छ भने तपाईले तत्कालै पुलिसलाई फोन नं ९११ म सम्पर्क गर्नु होला ।

- यदि तपाईले आफूलाई खतरा महसुस गर्नु भएको छ अथवा कसैले तपाई वा तपाईको परिवारलाई धम्की दिएको छ भने कुनै सवालजवाफ नगरिकन तत्कालै पुलिसलाई ९११ मा फोन गरिहाल्नु होला ।
- यदि तपाई आफ्नो सुरक्षालाई लिएर चिन्तित हुनुहुन्छ भने तपाईले शरणार्थी पुनर्वास एजेन्सी अथवा कुनै कानून व्यवसायीसंग सर सल्लाह गर्नु होला ।
- यदि तपाई अथवा आफूसंग परिचित कुनै ब्यक्ति अपराधबाट पीडित भएको छ भने या आफ्नो धर्म , राष्ट्रियता वा समूहगत सदस्यताको कारणबाट भेदभाव गरिएको महसूस भएको छ भने तपाइले https:/www.splcenter.org/reporthate मा खवर गर्नुहोला ।

## के म निर्धक्क भएर आफ्नो धार्मिक अभ्यास गर्न सक्छु ?

तपाईलाई आफ्नो धार्मिक अभ्यास गर्न पाउने संवैधानिक अधिकार प्राप्त छ । तपाई आफ्नो आस्था अनुसारको धार्मिक स्थलमा गएर पूजाआजा गर्ने, धार्मिक भजन कीर्तन गर्ने, प्रवचनहरु सुन्ने, सामूदायिक गतिविधिहरुमा सहभागी हुने र सामूहिक रुपमा प्रार्थनाहरु गर्ने पूरा अधिकार छ ।

- यदि तपाईले धार्मिक आस्थाका कारण भेदभाव गरिएको अथवा कसैबाट दागा गरेको अनुभव गर्नु भएको छ भने तपाईले CAIR मा सर्म्पक गर्नुहोला ।

**सम्झीराख्नु होस्:** तपाईको संरक्षणका लागि कानून हमेशा तपाईको साथमा छ ।

## आपराधिक अभियोग लागेका कानूनन् स्थायी वाशिन्दाहरु

- अमेरिकी नागरिकता नभएकालाई मामूली अपराधले पनि निष्काशित गराउन सक्छ ।
- तपाइ अमेरिकी नागरिक हुनुहुन्न र तपाईलाई कुनै आपराधिक गतिविधिमा संलग्न भएको दोष लागेको वा समातिनु भएको छ भने तपाईको वकिललाई तपाईको आप्रवासी हैशियत वारे राम्रो जानकारी रहेको विश्वास तपाईलाई हुनुपर्दछ । वहसको सिलसिलामा यदि तपाइ दोषी नै भएको पाइएमा यसले तपाईको हैसियतमा नराम्रो असर पार्न सक्दछ र तपाईको हैशियत मै फेरबदल हुन सक्दछ ।
- तपाईको रेर्कडमा आपराधिक दाग लागेको छ भने आफ्नो वकिल कहां गएर वैकल्पिक उपायहरु बारे विचार विर्मश गर्नु होस । यसवारे पूरा जानकारी राख्नु अत्यावश्यक हुन्छ ।
- तपाईले आफू माथि लागेका दोषहरुलाई पंन्छाउन अथवा सफाई पाउन सक्नु भएमा तपाईको रेकर्ड पुनः राम्रो हुन सक्दछ । तर राज्य पिच्छे कानून फरक फरक हुने हुनाले यी मुद्दाहरु वारे आफ्नो वकिलसंग परामर्श गर्नु अति उत्तम हुनेछ ।

## संघीय अधिकारीद्वारा तपाईसंग अन्तरवार्ता लिइएमा तपाईका अधिकारहरु बारे

फेडरल ब्यूरो अफ इन्भेष्टिगेशन ( FBI ) अथवा डिपार्टमेन्ट अफ होमल्याण्ड सेक्यूरिटीका अधिकारीहरुले तपाईसंग कुराकानी गर्न सक्दंछन् । तपाईलाई उनीहरुसंग कुरा गर्न अस्वीकार गर्ने अधिकार छ तर यसो गर्दा तपाइ शंकाको घेरामा पर्न सक्नु हुन्छ । अन्तरवार्ताको अनुरोध सम्वन्धमा के गर्ने भनेर आफ्नो वकिल अथवा आफ्नो पुनर्वास एजेन्सीका प्रतिनिधिसंग परामर्श गर्नु राम्रो हुनेछ ।

### यदि तपाई अन्तरवार्ताको लागि राजी हुनु भएमा:

- तपाईलाई आफूसंग कानून व्यवसायी पनि राख्ने अधिकार छ । यसका लागि https://www.cliniclegal.org/directory अथवा http;// www.ailalawyer.org मा सम्पर्क गरेर कानूनी सेवा प्राप्त गर्न सक्नु हुनेछ ।
- तपाईले अन्तरवार्ता दिनका लागि स्थान र समय आफैले तोक्न सक्नु हुनेछ ।
- अन्तरवार्तामा के कस्ता प्रश्नहरु होलान् भनेर जान्न का लागि तपाईले अनुरोध गर्न सक्नु हुनेछ र भाषा अनुवादक पनि माग गर्न सक्नु हुनेछ ।
- यदि तपाइ चाहनु हुन्छ भने तपाईलाई सोधेका सवै प्रश्नहरुको उत्तर नदिन पनि सक्नु हुन्छ ।
- तपाईको परिवारका कुनै सदस्य अमेरिकामा पुनर्वासका लागि पर्खिरहेका छन् भने यसको लागि बढी समय लाग्न सक्दछ । तर, उनीहरुले अमेरिकामा पुनर्वासका लागि आवेदन गर्ने अवसर चाहि पाउने छन् ।

**याद गर्नुहोस :**तपाईले अन्तरवार्ताको कममा गलत कुराहरु भने भन्नु हुंदैन । यसो गरिएको खण्डमा अपराध सरह मानिनेछ र उल्टै दुष्परिणाम भोग्नुपर्ने हुन सक्दछ ।

## तपाईलाई आफ्नो समुदायको पक्षमा बहस गर्ने अधिकार छ

शरणार्थीहरुको पुनर्वास सम्वन्धी बिषयमा कार्यकारी आदेशले कैयन शरणार्थी परिवारहरुलाई असर गरेको छ । शरणार्थीको रुपमा तपाईको आवाजको धेरैनै महत्व रहन्छ र तपाई राम्रो वहसकर्ता हुन सक्नु हुन्छ ।

### तपाईसंग निम्न अधिकारहरु हुन्छन् ।

- तपाईले आफ्नो शहर, राज्य अथवा निर्वाचित कांग्रेसका अधिकृतहरुलाई बोलाउन अथवा भेटेर सम्पर्क बढाउन र समुदायका लागि तपाईका आफ्ना योगदानहरुवारे अवगत गराउन र शरणार्थीको पुनर्वास एव आफूले उठाएका अन्य बिषयहरुमा उनीहरुको सहयोग र समर्थन जुटाउन सक्नु हुनेछ ।
- तपाइ आफू पनि शरणार्थी भएको हुनाले आफ्ना अनुभवहरु बताएर सरकारी वहसकर्तालाई शरणार्थीहरुको सम्वन्धमा उनीहरुको धारणा बदल्न प्रेरित गर्न सक्नु हुन्छ ।

- तपाईले पुनर्वास सम्वन्धी कर्मचारीहरु, धार्मिक अगुवाहरु, रोजगारदाताहरु, सैनिक अधिकृतहरु तथा अन्य शरणार्थी नेतृत्वकर्ता एवं समुदायका जागरुक सदस्यहरु जस्ता विविध व्यक्तिहरुसंग सम्पर्क बढाएर संगै मिलेर शरणार्थी हितका कार्यहरुलाई अगाडि बढाउन सक्नु हुनेछ ।

**याद गनुहोसः** तपाईको आवाज महत्वपूर्ण हुन्छ ।

## थप सूचना र श्रोतहरु

तपाईको समुदाय, परिवार एवं तपाई स्वंयम्को सुरक्षाका उपायहरु तथा अधिकारहरु वारे उपयोगी सूचना र श्रोतहरु उपलब्ध गराउने धेरै संस्थाहरु छन् तर दुर्भाग्यवस शरणार्थीहरु तथा अन्य आप्रवासीहरुबाट अवाञ्छनीय फाइदा उठाउन चाहनेहरु पनि छन् भन्ने कुरा पनि सुनिन्छ र सामाजिक सञ्जाल एवं अनलाईन समुदायमा गलत सूचनाहरु पनि फैलिएका हुन्छन । त्यसैले कृपया खासगरी अनलाइनबाट सूचनाहरुको खोजी गर्दा भरपर्दो र विश्वाशिलो श्रोतबाट सूचना पाएको कुरामा ढुक्क हुनुहोस् ।

**धन्यवाद**

Refugee Center Online
Education & Community

CWS
cwsglobal.org